# ठाकुरबाबा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

## यन्त्र उपकरणमा साझेदारीका लागि आशयपत्र पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२।१२।०२ गते, ने.सं. ११४६ चिल्लागा एकादशी, आइतबार**

दिगो विकास तथा हरित अर्थतन्त्रको जिम्मेवारी, कृषिको रूपान्तरणमा हामी सबैको जिम्मेवारी नामक नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनको लागि लुम्बिनी सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रादेशिक कार्यक्रम सहयोग इकाई र यस नगरपालिकाबीच साझेदारीको सम्झौता भएको छ। यस परियोजनाबाट कृषि तथा पशुपन्छीजन्य उपजको विविधिकरण तथा बजारीकरण गर्न विभिन्न यन्त्र उपकरणहरू खरिद गर्ने समेत रहेको छ। यी यन्त्रउपकरहरू उपलब्ध भएमा स्थानीय कृषकहरूले कृषि तथा पशुपन्छीजन्य उपजको विविधिकरण तथा नजिकका बजारहरूमा समेत ढुवानी गरी बिक्री वितरण गर्न सहजता हुने र कृषकहरूको आयस्तरमा समेत वृद्धि हुने अपेक्षा रहेको छ। यसर्थ यी यन्त्रउपकरणहरूको लागत अनुमान पाँचलाख रूपैयाँभन्दा कम रकमको हकमा यस नगरपालिकामा रहेका सहकारी संस्था तथा फर्महरूले ५०% र सोभन्दा बढीको हकमा ३५% र कृषि तथा पशुपन्छी समूह/समितिहरूको हकमा पाँचलाख रूपैयाँभन्दा कम रकमको हकमा ४०% र सोभन्दा बढीको हकमा २५% रकम साझेदारी गर्न यस नगरपालिकामा रहेका ईच्छुक सहकारी संस्था/कृषि तथा पशुपन्छी समूह/कृषि तथा पशुपन्छी फर्मले मिति २०८२।१२।१६ भित्र देहाय बमोजिमका कागजातहरू संलग्न गरी आशयपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धी कार्यक्षेत्रगत शर्त नगरपालिकाको वेबसाइट र फेसबुक पेजको लिङ्कमा समेत राखिएको छ।

**आवश्यक कागजातहरू:**

१. आशयपत्र पेश सम्बन्धी निवेदन,
२. आशय पत्रको फाराम,
३. संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा),
४. स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र,
५. साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिबद्धता पत्र,
६. संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति,
७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति,
८. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति,
९. व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)
१०. विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण। व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण
११. प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण।

ठाकुरबाबा नगरपालिकामा दिगो विकास तथा हरित अर्थतन्त्रको जिम्मेवारी, कृषिको रुपान्तरणमा हामी सबैको साझेदारीका परियोजनामा नगरपालिकातर्फको साझेदारीमध्येको रकमका लागि स्थानीय साझेदारी सम्बन्धी स्वीकृत कार्यक्षेत्रगत शर्त

# Terms Of Reference (TOR)

## ठाकुरबाबा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय
## सैनवार, बर्दिया

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल
स्था : २०७३

# कार्य क्षेत्रगत शर्तहरू
## (Terms of Reference)

## १. पृष्ठभूमिः

दिगो विकास तथा हरित अर्थतन्त्रको जिम्मेवारी, कृषिको रुपान्तरणमा हामी सबैको साझेदारी नामक परियोजना नगरपालिका र नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रादेशिक कार्यक्रम सहयोग इकाईबीच भएको साझेदारी परियोजना हो । यसको उद्देश्य यस नगरपालिकाका कृषकहरूको लागि कृषि तथा पशुपन्क्षीजन्य उपजको बिक्री वितरणलाई बढाउन उत्पादन तथा बजारीकरणलाई जोड्न र आयस्तर वृद्धि गर्नु हो । यसबाट उत्पादन वृद्धि, उत्पादन लागतलाई घटाउने, बिक्री वितरणमा बढोत्तरी गर्ने, नजिकका बजारहरूमा पहुँच वृद्धि उपजहरू बजार नपाएका कारण खेर जाने स्थितिको अन्त्य गरी कृषकहरूको आय आर्जनलाई अभिवृद्धि गर्ने लक्ष्य हासिल हुनेछ । यसै कुरालाई मध्यनजर गरी यस नगरपालिकातर्फको साझेदारीको रकममध्येमा स्थानीय साझेदारीबाट सरोकारवालाहरूको अपनत्व बढाउन यस नगरपालिकामा रहेका इच्छुक सहकारी संस्थाहरू/कृषक समूह/कृषि तथा पशुपन्छीजन्य प्राइभेट फर्मसँग साझेदारी गर्न यो कार्यक्षेत्रगत शर्त तयार गरिएको छ ।

## २. उद्देश्यहरूः

- बजारको पहुँच बढाउनेः उत्पादनहरू स्थानीय बजारसम्म पुगाई कृषकहरूको पहुँच बढाउने ।
- कृषि उत्पादनमा वृद्धि गर्नेः बजारमा पहुँच वृद्धि गरी कृषकहरूलाई उत्पादन वृद्धि गर्न प्रोत्साहित गर्ने।
- उत्पादन लागत घटाउनेः उपलब्ध यन्त्रउपकरणका मद्दतले बजारसम्म पुग्ने उत्पादनको लागत समेत प्रभावकारी बनाउने ।
- आयआर्जन वृद्धि गर्नेः उत्पादन वृद्धि, लागत प्रभावकारी बनाई उत्पादनलाई बजारसम्मको पहुँच विस्तार गरी आय आर्जनमा वृद्धि गर्ने ।

रामहरि रिजाल
प्रमुख प्रशासकिय अधिकृत

## ३. लक्षित समूहः

यस साझेदारीका लागि यो नगरपालिकाभित्र रहेका सहकारी संस्था/कृषि तथा पशुपन्छी समूह/ कृषि तथा पशुपन्छी फर्महरू रहेका छन् । छनौट हुने साझेदारहरूले नगरपालिकाभित्रका कृषकहरू प्राप्त यन्त्र उपकरण तथा सवांरी साधनबाट सेवा दिनुपर्नेछ ।

## ४. सञ्चालन प्रक्रियाः

साझेदारहरूले प्राप्त यन्त्रउपकरण तथा सवारी साधन आफ्नो निगरानीमा रहने गरी सञ्चालन गर्नुपर्नेछ । नगरपालिकाले तोकेबमोजिम सेवाको दस्तुर निर्धारण गर्नुपर्नेछ । सञ्चालन खर्च, मर्मत सम्भार, मुनाफा तथा घाटा वितरण लगायतका विषयहरू संस्था/समूहमा छलफलबाट निर्णय गरी गर्नुपर्नेछ । नगरपालिकाबाट यन्त्रउपकरण तथा सवारी साधन हस्तान्तरण गरेपश्चात् सम्पूर्ण जिम्मेवारी साझेदारको हुनेछ । संस्था/समूहलाई गम्भीर असर पर्ने गरी मनोमानी रूपमा यन्त्रउपकरण तथा सवारी साधन सञ्चालन गर्न पाइने छैन । यन्त्रउपकरण तथा सवारी साधन सञ्चालन गर्न नसकी राखेमा वा अनुगमनका क्रममा गम्भीर समस्या वा त्रुटी भेटिएमा नगरपालिकाले नियन्त्रणमा लिनेछ ।

## ५. आर्थिक स्रोत व्यवस्थापनः

निम्न यन्त्रउपकरण तथा सवारी साधनमा साझेदारहरूले तपसिल बमोजिम रकम साझेदारी गर्नुपर्नेछ । साझेदारी रकम यन्त्र उपकरण खरिद तथा पूर्वाधार निर्माणमा खर्च गरिनेछ । साझेदार गर्न ईच्छुकले यी यन्त्र उपकरणमा अलग अलग वा एकमुष्ठ समेत गर्न सक्नेछ ।

तपसिलः

| क्र.सं. | यन्त्र उपकरण विवरण | लागत साझेदारी | | लागत अनुमान रकम रू. |
|---|---|---|---|---|
| | | कृषि तथा पशुपन्छी समूह र समितिहरू | सहकारी सङ्घ संस्था र फर्म | |
| १ | ई-रिक्साः २ वटा | २५ | ३५ | ८०००००।- |
| २ | कोल्ड च्यामबरः २ वटा | २५ | ३५ | ३०६००००।- |

रामहरि रिजाल
प्रमुख प्रशासकिय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | क्रिम सेप्रेटरः .२ वटा | ४० | ५० | १९९६००।- |
| ४ | डीप फ्रिज २०० लिः ४ वटा | ४० | ५० | २४००००।- |
| ५ | फूड डिहाइड्रायरः ३ वटा | २५ | ३५ | ७६९५००।- |
| ६ | ससेज बनाउन मेसिनः १ वटा | २५ | ३५ | ७०००००।- |
| ७ | आईसक्रिम बनाउने मेसिनः ३ वटा | २५ | ३५ | ६९९०००।- |
| | कुल जम्मा | | | ६४,६८,१००।- |

## ६. लेखा तथा लेखापरीक्षणः

साझेदारले भए गरेका हिसाब किताब लगायतका कारोबारहरूका स्रेस्ता प्रचलित कानून बमोजिम राख्नुपर्नेछ । कारोबारहरूलाई बैंकिङ्ग प्रणालीमा आबद्ध गर्नुपर्नेछ । नियमित प्रचलित कानून बमोजिम कर लगायतका दायित्व बेहोर्ने र लेखापरीक्षण समेत गर्नुपर्नेछ । प्रत्येक महिनामा हुने खुद आम्दानीमध्येबाट २५ प्रतिशत रकम बैंकमा छुट्टै खाता खोली जगेडा कोषका रूपमा राख्नुपर्नेछ । सो रकम कट्टा गरी बाँकी रहेको रकमलाई शतप्रतिशत मानी कम्तीमा ७५ प्रतिशत रकम नगरपालिकाले तोकेको हकमा सोही बमोजिम र नतोकेको हकमा कृषि तथा पशुपन्छीजन्य उपजको उत्पादन वृद्धि, क्षमता विकास, बजारीकरण लगायतका क्षेत्रमा खर्च गर्नुपर्नेछ ।

## ७. बहालमा दिनेः

यन्त्र उपकरण तथा सवारी साधनहरूलाई स्थानीय कृषकहरूलाई असर नपार्ने गरी माग र प्राथमिकताका आधारमा बहालमा लगाउन सकिनेछ ।

## ८. प्रगति प्रतिवेदन तथा अनुगमन मूल्याङ्कनः

रामहरि रिजाल
प्रमुख प्रशासकिय अधिकृत

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया
लुम्बिनी प्रदेश

साझेदारले मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा आर्थिक कारोबारको वित्तीय तथा भौतिक प्रगतिको प्रतिवेदन तयार गरी संस्था/समूहमा छलफल गरी नगरपालिकामा समेत पेश गर्नुपर्नेछ ।

यसरी नै नगरपालिकाको विषयगत समिति, अनुगमन समिति, शाखागत, कार्यालय प्रमुखस्तरका रूपमा अनुगमन हुनेछ । यसबाट परेको प्रभावका बारेमा कम्तीमा २ वर्षपछि प्रभाव मूल्याङ्कनको कार्य नगरपालिकाले गराउनेछ ।

## ९. प्रस्ताव पेश गर्ने तरिका र संलग्न गर्नुपर्ने कागजातहरू:

प्रस्ताव पेश गर्न इच्छुक साझेदार संस्थाहरूसँग १५ दिनको समय दिई आशयपत्र माग गरिनेछ । आशयपत्रमा सफल भएका प्रस्तावकहरूलाई संक्षिप्त सूचीमा समावेश गरी निजहरूसँग ३० दिनको समयावधि दिई प्राविधिक तथा आर्थिक प्रस्तावहरू माग गरिनेछ । अलग अलग खाममा सिलबन्दी गरी प्राविधिक र आर्थिक प्रस्ताव स्पष्ट लेखी ती दुवै प्रस्तावहरूलाई अर्को खाममा संयुक्त रूपमा राखी बाहिरपट्टी स्पष्ट साथ प्रेषक र प्रापकको नाम, ठेगाना र प्रयोजन समेत उल्लेख गरी यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

अ. <u>प्राविधिक प्रस्ताव:</u> प्राविधिक प्रस्तावमा संलग्न गर्नुपर्ने कागजातहरू निम्न रहेका छन्-

क. संस्था/समूह/फर्मको विवरण र संरचना,

ख. विगत ७ वर्षमा सम्पन्न गरेका समान प्रकृतिको कामको विवरण,

ग. प्रस्तावित काममा संलग्न हुने प्रमुख जनशक्तिको विवरण,

घ. संस्था/समूह/फर्मसँग सम्बद्ध कागजातहरू: दर्ता, नवीकरण, करचुक्ता २०८१।०८२,

ङ. विषयगत क्षेत्रमा कम्तीमा २ वर्षको कार्यानुभवको विवरण,

च. बजेटको स्रोत खुलाएको विवरण वा प्रतिबद्धता पत्र,

छ. विगत ३ वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि (फर्मको हकमा आवश्यक नपर्ने),

ज. सञ्चालन सम्बन्धी व्यवसायिक योजना,

रामहरि रिजाल
प्रमुख प्रशासकिय अधिकृत

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल
स्था : २०७३

झ. संस्था/समूह/फर्मको वित्तीय विवरण,

ञ. कार्ययोजना,

ट. मूल्याङ्कनका आधार बमोजिम आवश्यक कागजातहरू,

ठ. भविष्यमा आवश्यक पर्न सक्ने थप रकमका सम्बन्धमा धारणा आदि ।

आ. <u>आर्थिक प्रस्तावः</u>

निम्न विषयहरू समेटी आर्थिक प्रस्ताव पेश गर्नुपर्नेछः-

क. यन्त्र उपकरणहरू खरिदका लागि आवश्यक रकममा गर्न सकिने साझेदारीको रकम,

ख. तत्कालका लागि सञ्चालन खर्च (कार्यालय, कर्मचारी, विद्युतपानी, मर्मत सम्भार सम्बन्धी खर्च) का लागि आवश्यक रकममा गर्न सकिने साझेदारीको रकम,

ग. पूर्वाधार निर्माणका लागि आवश्यक रकममा गर्न सकिने साझेदारीको रकम,

घ. थप केही इच्छुक भएमा सो सम्बन्धी साझेदारी रकम ।

## १०. प्रस्ताव मूल्याङ्कन हुने तरिकाः

प्रस्ताव मूल्याङ्कनार्थ कुल अङ्कभार १०० कायम गरिएको छ । पेश भएका प्रस्तावहरूलाई प्राविधिक प्रस्तावको हकमा ८० अङ्क र आर्थिक प्रस्तावको हकमा २० अङ्क गरी १०० अङ्क कायम गरिएको छ । प्राविधिक प्रस्तावको अङ्कलाई १०० मानी उक्त अङ्कलाई ८० अङ्कको अनुपातमा रूपान्तरण गरिनेछ । प्राविधिक प्रस्तावको १०० अङ्कमध्ये कम्तीमा ६० अङ्क प्राप्त गर्नुपर्नेछ । यस्तो प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा निम्न आधार र अङ्क राखिएको छः-

क) <u>संस्थागत अनुभवः</u> सामान्य अनुभवको लागि ५ अङ्क, विगतमा यस्तै किसिमको योजना/परियोजनामा गरेको अनुभव ३ अङ्क र विगतमा उस्तै किसिमको काम गरेको अनुभव २ अङ्क गरी कुल १० अङ्क हुनेछ ।

रामहरि रिजाल
प्रमुख प्रशासकिय अधिकृत

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल
स्था.: २०७३

ख) <u>कार्य सञ्चालन सम्बन्धी विधि:</u> यसमा कार्यक्षेत्रगत शर्तप्रतिको बुझाई ६ अङ्क, कार्यान्वयन गर्ने तरिका वा प्रक्रियाका लागि १५ अङ्क र सञ्चालन कार्ययोजना/कार्यतालिका बापत ४ अङ्क गरी कुल २५ अङ्क हुनेछ ।

ग) <u>जनशक्तिको योग्यता र अनुभव:</u> प्रमुख कर्मचारीको योग्यता बापत १० अङ्क र अनुभव बापत १५ अङ्क, दोस्रो सहायक जनशक्तिको योग्यता बापत १० अङ्क र अनुभव बापत १० अङ्क र यस्तै प्रकृतिको काम गरेको प्रमुख जनशक्तिको अनुभव बापत १५ अङ्क गरी कुल ६० अङ्क हुनेछ ।

घ) <u>प्रविधि वा ज्ञान हस्तान्तरण:</u> यस्तै प्रकारको कार्यमा प्राप्त प्रविधि वा ज्ञान हस्तान्तरण सम्बन्धी क्षमता बापत ५ अङ्क हुनेछ ।

सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्ताव सम्झौताका लागि छनौट हुनेछ ।

## ११. <u>विविध:</u>

यस कार्यक्षेत्रगत शर्तमा लेखिएका विषयहरूलाई यसै बमोजिम र अन्य विषयहरूका हकमा प्रचलित कानून र आपसी सहमतिका आधारमा अगाडि बढाइनेछ ।

रामहरि रिजाल
प्रमुख प्रशासकिय अधिकृत